आज मिति २०८३ साल श्रावण महिनाको ०८ गते दिउँसो १:०० बजे यस गरुडा न.पा.कार्यालयको सभा हलमा गरुडा नगर कार्यपालिकाको वैठक नगर कार्यपालिका प्रमुख (नगर प्रमुख) श्री कन्थमनी प्रसाद कलवारज्युको अध्यक्षतामा देहाय बमोजिमको प्रस्तावहरुमाथि छलफल गर्नु पर्ने भएकोले देहायका पदाधिकारीज्युहरुको उपस्थितीमा बैठक बसियो ।

देहाय :

## उपस्थिती

| क्र स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | कन्थमनी प्रसाद कलवार | |
| २ | नगर उपप्रमुख | पुनम कुमारी चौधरी | |
| ३ | सदस्य (वडाअध्यक्ष वडा नं.१) | शेख वहाव | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | कृष्णनन्दन सहनी | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | अम्विका सहनी | |
| ६ | सदस्य (वडाअध्यक्ष वडा नं.४) | सुनिल कुमार जयसवाल | |
| ७ | सदस्य (वडाअध्यक्ष वडा नं.५) | रामविनोद साह कलवार | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | रामबाबु प्रसाद चौधरी | |
| ९ | सदस्य (वडाअध्यक्ष वडा नं.७) | प्रवीण सिंह यादव | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | बशिष्ठ राय यादव | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | राजेश कुमार सहनी | |
| १२ | सदस्य (महिला) | धनमन्ती देवी | |
| १३ | सदस्य (महिला) | रजिया देवी | |
| १४ | सदस्य (महिला) | ईसलामु | इसलामु |
| १५ | सदस्य (महिला) | पुनम देवी राम | पुनम देवी |
| १६ | सदस्य (महिला) | मंजु देवी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | ध्रुव साह कानु | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | सन्जीव प्रसाद साह | |
| १९ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जयनारायण बैठा | |
| २० | सचिव | नाथु साह | |
| | आमन्त्रित | | |
| २१ | प्रशासन शाखा प्रमुख | धिरेन्द्र प्रसाद यादव | |
| २२ | योजना अधिकृत | रामानन्द सहनी | |

छलफलका लागी पेश भएका प्रस्तावहरु

१.नि:शुल्क जग्गा दर्ता सम्बन्धमा ।

२.अर्को नगर कार्यपालिका बैठक बस्ने सम्बन्धमा ।

निर्णय नं.१

कार्यपालिकाको बैठकको कार्यसूचीमा चढी निर्णयका लागि पेश भएको नि:शुल्क जग्गा दर्ता सम्बन्धी प्रस्ताव माथि छलफल हुँदा जिल्ला रौतहट गरुडा नगरपालिका वडा नं.४ मा बस्ने पुनम कुमारी चौधरीको नाउँमा दर्ता कायम रहेको जग्गा ऐ.ऐ.गा.वि.स.गरुडा बैरिया वडा नं.१ हाल गरुडा न.पा.वडा नं.४ को कि.नं.७६ को क्षेत्रफल ०-०-१२ र कि.नं.७७ को क्षेत्रफल ०-१-० जग्गा समेत निज जग्गाधनी पुनम कुमारी चौधरीले आर्य घाट प्रयोजनको लागि गरुडा न.पा.वडा नं.४ गरुडा बैरिया वडा कार्यालयको नाउँमा दान स्वरुप उपलब्ध गराउन ईच्छुक रहेकोले सो जग्गा उक्त वडा कार्यालयको नाउँमा नि:शुल्क दर्ता गर्न गराउन श्री भूमि प्रशासन कार्यालय गरुडा, रौतहटलाई लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं.२

कार्यपालिकाको बैठकको कार्यसूचीमा चढी निर्णयका लागि पेश भएको अर्को नगर कार्यपालिका बैठक बस्ने सम्बन्धी प्रस्ताव माथि छलफल हुँदा यस गरुडा नगरपालिका नगर कार्यपालिकाको अर्को बैठक मिति २०८३/०४/१५ गते शुक्रवारका दिन दिउँसो १:०० बजे पुनः बस्ने निर्णय गरियो ।